# मेरो सम्झनामा पहिलो रेडियो

**हेमबहादुर बिष्ट**

सम्झने शक्तिको हिसाबबाट म धेरै कुरा सम्झन सक्ने मानिस होइन । वि.सं. २०१० सालमा सिन्धुली जिल्लाको एउटा गाउँ– रानीचुरीमा म जन्मिएँ । बालककाल त्यहीँ बित्यो । बाबु-आमाले बढ्ता माया गरेर हो वा किन हो– मलाई घरबाट बाहिर त्यति हिँड्न-डुल्न र खेल्न जान दिइँदैनथ्यो । हाम्रो घर अलग्गै थियो, छिमेकीका घरहरू नजिकै थिएनन् । सबभन्दा नजिक भनेको एउटा ठूलो दर्बार, सिपाहीहरू बस्ने चौकी, मालअड्डा भनिने घरहरू मात्र थिए । चौकीमा सिपाहीहरू बस्थे तर अरू घरहरू खाली नै थिए ।

आफ्नो घर वरिपरि अरू परिवार नभएपछि आफूसँग खेल्ने साथी हुने कुरै भएन । बेलाबेलामा घरका मानिसको आँखा छलेर जब अलि पर आफूजस्तै साना केटाकेटी भए नजिक पुग्थें, आफूजस्तै साना र अलि ठूला मिलेर मलाई साथी बनाउनुको सट्टा गिज्याउन र जिस्क्याउन थाल्थे ।

त्यस क्षेत्रभरिमा भएको एउटा मात्र स्कूल हाम्रो घरबाट निकै टाढा थियो । २०१५/१६ सालतिर अलिकति हिँड्न सक्ने भएपछि मलाई पनि त्यो स्कूलमा पठाइन थालियो । म कसरी त्यो स्कूलसम्म पुग्थें र कसरी फर्कन्थें अहिले सम्झना

छैन । त्यो स्कूलमा मैले के पढेँ, त्यो पनि सम्झना छैन । किनकि क ख ... त मलाई पछि घरमै मास्टर राखेर सिकाइएको थियो । त्यो स्कूल जाँदै गरेको बेला रेडियो सुनाउनका निम्ति स्कूल नजिकैको घरमा लगिने गरेको सम्झना भने अहिले पनि बेला बेलामा आइरहन्छ ।

स्कूलमा हरेक शुक्रबार सभ्यता शिष्टाचार भनेको के हो भन्ने विषयमा प्रवचन हुने गर्थ्यो । प्रवचन नहुने बेला बिद्यार्थीहरूलाई गुरु रेडियो सुनाउन लिएर जानुहुन्थ्यो । त्यस बेला त्यो रेडियोबाट हामी के सुन्थ्यौँ, म केही पनि सम्झन्नँ । जत्ति कोसिस गर्दा पनि रेडियोको रूपमात्र नाच्छ आँखा वरिपरि ।

भऱ्याङ चढेर एकतलामाथि जान पर्ने पहाडतिरको दुईतले घरको ठूलो बार्दलीमा रेडियो राखिएको थियो । बार्दलीमा बिछ्याइएको राडी, गुन्द्री, चकटी आदिमा हामी विद्यार्थी बस्ने वा उभिने गर्थ्यौं । गुरु र अरू ‘ठूला मानिसहरू’ मुढा वा कुर्सीमा बस्नुहुन्थ्यो । रेडियो कहिले बज्थ्यो, कहिले बज्दैनथ्यो । केही मानिसहरू आफ्नो हातमा बाँधेको घडीतर्फ आँखा लाउँथे र ‘बेला भयो’, ‘बेला भयो’ भन्ने गर्दथे । केही मानिस त्यो ठूलो रेडियोको ‘नब’ घुमाउनेतर्फ लाग्थे । रेडियो सजिलो गरी आएन भने केही मानिस रेडियोबाट निकालेर बाहिरतिर लगेको तार मिलाउन थाल्थे । त्यो ठूलो रेडियोबाट निकालिएको एउटा मोटो नाङ्गो तार आँगन नजिक गाडिएको लामो बाँसको लिङ्गोको टुप्पासम्म टाँगिएको थियो । अर्को त्यस्तै (लुगा सुकाउन प्रयोग गरिने जस्तै) मोटो नाङ्गो तार भिजाइएको गिलो रातोमाटो र पानी भएको दही जमाउने कतारो जस्तोमा लगेर गाडिएको हुन्थ्यो ।

त्यस भेगभरिकै निकै सम्पन्न, बाठा र ठूला भनिने मानिसहरू बस्ने त्यस क्षेत्रमा मलाई लाग्छ, रेडियो भएको घर त्योबाहेक अर्को थिएन । रेडियो प्रसारण सुरु हुने बेलामा ठूला मानिसहरूको अनुहार चम्किलो र जिज्ञासु भएको प्रष्टै देख्न सकिन्थ्यो । सुन्न बसेका मानिसहरू कसैको मुखबाट कुनै आवाज निस्कँदैनथ्यो । त्यसैले हामी केटाकेटी समेत सियो खसे पनि सुनिने गरी चुपचाप बसेका हुन्थ्यौं ।

यसरी रेडियो सुनेको धेरै वर्षपछि अलि टाढा गाउँका एक व्यक्तिबाट मैले रेडियो किनेँ । त्यस बेलासम्म रेडियोको आकार घटेर निकै सानो भइसकेको थियो । मेरो हातमा परेको यो पहिलो रेडियोको नाम ‘स्पाइडोला’ थियो । ठूलो बल लगाएर घोन्द्रयाङ घोन्द्रयाङ आवाज निकाल्दै त्यसको ब्याण्ड फेर्नु पर्थ्यो । कहिले स्टेसन समात्थ्यो, कहिले समात्दैनथ्यो । यो रेडियो किनेकोमा मेरो बुवा मसँग खुशी हुनुहुन्नथ्यो । म सबैले सुन्ने गरी रेडियो बजाउन खोज्थेँ तर मेरो बुवा घरभित्र आफूले मात्र सुन्ने गरी रेडियो बजाओस् भन्ने इच्छा राख्नु हुन्थ्यो । मसँग यो रेडियो राख्न पाउने लाइसेन्स नहुनु बुवाको बेखुशीको कारण थियो । यो कुरा आजभन्दा त्यस्तै २०२६/२७ सालतिरको हो ।